म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २३६ २०८१ साउन ४ गते शुक्रबार 19 July 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानी पिउनाले झाडापखाला, हैंजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएसम्म शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौँ र सफा भाँडाले पानी झिक्ने गरौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# बागमतीको मुख्यमन्त्री कांग्रेसबाट को ?



समाज संवाददाता

हेटौंडा: सत्ता गठबन्धन परिवर्तनसँगै नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनबाट एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भइसकेका छन् । जसअनुसार बागमती प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्ने निश्चित भएको छ ।

सत्ता गठबन्धन दल एमाले र कांग्रेसबिच भएको सहमतिअनुसार बागमती सरकारको नेतृत्व कांग्रेसको भागमा परेको थियो । प्रदेश सरकारको नेतृत्व कांग्रेसको पोल्टामा परेसँगै मुख्यमन्त्री को हुने भन्ने चर्चा उच्च छ । प्रदेशको मुख्यमन्त्रीमा विषेशगरी २ नेताहरुको नाम चर्चामा आएको छ ।

कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामा र प्रदेश सभापति इन्द्रबहादुर बानियाँ मुख्यमन्त्रीको दौडमा रहेका छन् । पार्टीको विधानले फेबर गरेका लामा दलको नेता भएकै कारण मुख्यमन्त्री बन्ने आशामा छन् भने गत पुसमा सम्पन्न संसदीय दलको निर्वाचनमा ६ मतले पराजित भएका बानियाँ मुख्यमन्त्रीका सशक्त दावेदार हुन् ।

मुख्यमन्त्रीको लागि लविङमा रहेका दुबै नेताहरु काठमाडौं रहेर पार्टीका शीर्ष नेताहरुसँग भेटघाटमा व्यस्त छन् । दुबै नेताहरुले मुख्यमन्त्री बन्ने अभिलाषासहित पार्टी सभापति शेरबहादुर देउवासँग भेट गरिसकेका छन् । तर, दुईमध्ये कसको पक्षमा सभापति देउवाको निर्णय हुन्छ भन्ने एकिन नभएको एक सांसद बताउनुहुन्छ ।

## बानियाँ सक्रिय बन्दा लामालाई तनाव

सत्ता समीकरण परिवर्तनसँगै सरकार गठनका लागि कांग्रेसभित्र आन्तरिक कसरत सुरु भएको छ । कांग्रेसभित्र कसको नेतृत्वमा सरकार निर्माण गर्ने भन्ने बहस सुरु भएको र सोही अनुसार पार्टी केन्द्रमा ब्रिफिङ भएको कांग्रेसका एक सांसदले बताउनुभयो ।

उहाँका अनुसार सरकार गठनका लागि दुबै नेताहरु सक्रिय ढंगबाट अघि बढिरहेका छन् भने पार्टी शीर्ष नेताहरु पनि छलफलमा जुटेका छन् । सरकार गठनका विषयमा बानियाँ सक्रिय भएसँगै संसदीय दलका नेता लामा तनाबमा देखिनुभएको छ । लामा दलको नेता परिवर्तनको योजना बानियाँले लिने भन्दै बहुमत सांसदसहित चरणबद्धरुपमा छलफलमा जुटिरहनुभएको छ ।

उहाँका अनुसार पछिल्लो डेढ वर्ष सरकार र प्रतिपक्षमा रहेको कांग्रेसको भूमिकाका विषयमा पार्टी सभापतिदेखि पदाधिकारीहरुबिच छलफल भएको छ । सरकारको नेतृत्व लिने दलको नेता/उपनेता नै मन्त्री बनेर गठबन्धन दलको सरकारमा जाँदा कांग्रेस संसदीय दलको भूमिका कमजोर भएको नेताहरुको निश्कर्ष रहेको ती सांसदले बताउनुभयो । संसदीय दलको प्रमुख सचेतक नियुक्त भएको छोटो समयमा राजीनामा दिनुपर्ने अवस्था, दलको बैठक नियमित नहुनु र संसदीय भूमिकामा सांसदहरुको कमजोर उपस्थितिलाई लिएर नेताहरुले छलफल गरेको उहाँको भनाइ छ ।

दलको नेताका कारण प्रदेश सरकारको जग कमजोर हुने कांग्रेस नेताहरुको टिप्पणी रहेको छ भने यसअघि पटक-पटक मुख्यमन्त्री हुने अवसरबाट चुकेका बानियाँले अवसर पाउनुपर्ने बहस पनि सशक्त ढंगबाट उठेको उहाँले बताउनुभयो । प्रदेशसभामा संसदीय दलका नेता लामाबाट नेतृत्वदायी भूमिका नदेखिएका कारण बानियाँलाई मुख्यमन्त्री बनाउनुपर्ने उहाँको भनाइ छ ।

संसदीय दलका नेता लामा पक्षका सांसदले मुख्यमन्त्रीमा लामाको विकल्प नरहेको दावी गर्नुभयो । पार्टी विधानअनुसार लामा नै मुख्यमन्त्री बन्ने उहाँको भनाइ छ । मुख्यमन्त्रीमा लामाको विकल्पमा बानियाँ खोज्नु पार्टी विधान विपरित हुने उहाँले बताउनुभयो ।

## मुख्यमन्त्री हुन दल नेता बन्न जरुरी छ ?

कांग्रेसको संसदीय दलको विधानअनुसार संसदीय दलकै नेताले सरकारको नेतृत्व गर्ने व्यवस्था छ । जसअनुसार संसदीय दलका नेता बहादुर सिंह लामा मुख्यमन्त्री हुने निश्चित छ ।

प्रदेशसभा संसदीय दलको विधानको दफा ६ को उपदफा १० अनुसार पार्टीले प्रदेश सरकार गठन गरेको अवस्थामा संसदीय दलको नेताको हैसियतमा सरकारमा नेतृत्व प्रदान गर्ने भनिएको छ । तर, बागमतीमा कांग्रेसभित्र देखिएको पछिल्लो परिस्थिति र नेतृत्व परिवर्तनको बहसले नेता लामालाई मुख्यमन्त्री बन्न सहज छैन ।

यता संसदीय दलको नेता नभए पनि मुख्यमन्त्री बन्न मिल्ने बहस पनि कांग्रेसभित्र चलेको छ । कानुनका विश्लेषकहरुका अनुसार धारा १६८ (१) अनुसार बहुमतको मुख्यमन्त्री र धारा ७६ (३) अनुसार अल्पमतको मुख्यमन्त्री नियुक्त गर्दा संसदीय दलको नेता हुनु जरुरी हुन्छ । तर, धारा १६८ (२) र १६८ (५) अनुसार मुख्यमन्त्री नियुक्त गर्दा संसदीय दलको नेता हुनुपर्ने जरुरी छैन ।

कुनै पनि दलले स्पष्ट बहुमत नल्याएकाले संविधानको धारा १६८ (२) अनुसार प्रधानमन्त्री नियुक्त हुनका लागि भने संसदीय दलको नेता बाध्यकारी नरहेको नेता बानियाँ पक्षका सांसदहरुको भनाइ छ । उहाँका अनुसार सरकार गठनका लागि संसदको कुनै पनि सदस्यले दुई वा दुईभन्दा बढी दलको समर्थन सिद्ध गरे पुग्छ र सो सांसद सम्बन्धित दलको संसदीय दलको नेता बन्नुपर्ने बाध्यता छैन ।

बानियाँ पक्षका सांसदका अनुसार दलको नेता नभए पनि मुख्यमन्त्री बन्न मिल्ने नजिरहरु स्थापित भएको छ । संविधानको धारा १६८ को (१) र (३) बमोजिमको सरकार निर्माण गर्दा मात्र दलको नेता हुनुपर्ने र १६८ को (२) अनुसार गठबन्धनको सरकारमा जो सांसद पनि मुख्यमन्त्री बन्न सक्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

संविधानको १६८ को (२) मा कुनै पनि दलको एक बहुमत नभएको अवस्थामा २ वा २ भन्दा बढी दलसँगको सहकार्यमा सरकार गठन गर्न सक्ने र सो सरकारको नेतृत्व सांसदहरुमध्ये जसले पनि गर्न सक्ने व्यवस्था रहेको उहाँको भनाइ छ । सोहीअनुसार हालैमात्र मधेस प्रदेश सरकारको नेतृत्व जनमत पार्टीका सतिशकुमार सिंहले गरेको ती सांसदले बताउनुभयो ।

यसअघि २०७४ मा एमाले-माओवादी बाम गठबन्धनबाट केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएपछि मात्रै ओली संसदीय दलको नेतामा निर्वाचित भएका थिए । प्रधानमन्त्री नियुक्त भएको केही समयपछि मात्र एमालेको तत्कालीन पार्टी कार्यालय धुम्बाराहीमा बसेको संसदीय दलको बैठकबाट माधवकुमार नेपालको प्रस्तावमा ओली संसदीय दलको नेतामा चयन भएका थिए ।

यता २०६७ चैत १५ मा झलनाथ खनालले प्रधानमन्त्रीको पदबाट राजीनामा दिएपछि बाबुराम भट्टराई प्रधानमन्त्री बनेका थिए । संसदीय दलको नेता पुष्पकमल दाहाल 'प्रचण्ड' संसदीय दलको नेता रहेका बखत उनी प्रधानमन्त्री बनेका थिए । हालका राष्ट्रपति रामचन्द्र पौडेल संसदीय दलको नेता रहेका बखत कांग्रेस सभापति देउवा प्रधानमन्त्री बनेका थिए ।

## विधान विपरित कांग्रेस जाँदैन: लामा

केन्द्रीय सदस्यसमेत रहेका लामाले बागमतीको मुख्यमन्त्रीमा आफ्नो विकल्प नरहेको बताउनुभयो । संसदीय दलको नेता नै सरकार प्रमुख बन्ने विधान रहेकाले कांग्रेसले विधानविपरित नजाने उहाँले बताउनुभयो ।

उहाँका अनुसार मुख्यमन्त्री को भन्ने भन्ने विषयमा कांग्रेसभित्र चर्चा र बहसको आवश्यकता छैन । कांग्रेस पार्टी विधि र विधानअनुसार चल्ने भएकाले मुख्यमन्त्रीको निर्विकल्प उम्मेदवार आफू रहेको लामाले बताउनुभयो ।

## १६८ (२) अनुसार मुख्यमन्त्री बन्न दल नेता बाध्यकारी छैन: बानियाँ

प्रदेश सभापति बानियाँले भने संविधानले व्यवस्था गरेअनुसार १६८ (२) अनुसारको मुख्यमन्त्री बन्न दल नेता बाध्यकारी प्रावधान नरहेको बताउनुभयो । पार्टीले चाहेको अवस्थामा सो व्यवस्थाअनुसार गठबन्धन दलको सांसद मुख्यमन्त्री बन्नसक्ने उहाँको भनाइ छ ।

प्रदेशको अवस्था अनुसार कांग्रेसबाट आफू मुख्यमन्त्रीको उपयुक्त र सशक्त पात्र भएको उहाँको भनाइ छ । उहाँले प्रदेशसभाको अघिल्लो कार्यकालमा राजेन्द्र पाण्डे मुख्यमन्त्री भएको समयमा आलोपालो सरकार बनाउन सहमति भए पनि पार्टीको केन्द्रीय निर्देशनअनुसार र ाजनीतिक स्थिरताका लागि आफूले मुख्यमन्त्री बन्ने अवसर त्यागेको बानियाँले बताउनुभयो ।

# मुख्यमन्त्री जम्कट्टेललाई राप्रपाले विश्वासको मत नदिने



*बिहिबार राप्रपा संसदीय दलको बैठकमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले विश्वासको मत नदिने भएको छ । साउन ६ गते विश्वासको मत लिने तयारी गर्नुभएका मुख्यमन्त्री जम्कट्टेललाई राप्रपाले विश्वासको मत नदिने निर्णय गरेको हो ।

बिहीबार काठमाडौंको धुम्बाराहीस्थित केन्द्रीय पार्टी कार्यालयमा बसेको राप्रपा बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरेको हो । राप्रपा संसदीय दलका उपनेता गिरबहादुर तामाङले मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनले ६ साउनमा प्रदेश सभा बैठक डाकेको उल्लेख गर्नुहुँदै राप्रपाको संसदीय दलको बैठकले उहाँलाई विश्वासको मत नदिने निर्णय गरेको जानकारी दिनुभएको छ ।

'राप्रपा संसदीय दलको बैठकले मुख्यमन्त्री जमकट्टेलको विश्वासको मतको विपक्षमा मत दिने निर्णय गरेको छ । हामी एमाले र कांग्रेसको नयाँ सरकारमा पनि सहभागी हुँदैनौं र अहिलेका मुख्यमन्त्रीलाई पनि विश्वासको मत दिँदैनौं,' उहाँले भन्नुभयो । २०७९ पुस २५ मा मुख्यमन्त्री नियुक्त हुँदा जम्कट्टेललाई राप्रपाले समर्थन गरेको थियो भने सरकारमा समेत सहभागी भएको थियो । तर तत्कालिन गठबन्धन टुटेपछि २०८० साल फागुन १३ गते सरकारबाट बाहिरिएको राप्रपाले मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मत दिएको थियो भने २०८० चैत १९ गते तेस्रोपटक विश्वासको मत लिँदा तटस्थ बसको थियो ।

राप्रपाका उपनेता तामाङले कांग्रेस र एमालेको गठबन्धनबाट बन्ने सरकारलाई भने समर्थन गर्ने निर्णय भएको पनि बताउनुभयो । उहाँले नयाँ गठबन्धनबाट बन्ने सरकारलाई समर्थन गरेपनि सरकारमै भने सहभागी नहुने स्पष्ट पार्नुभयो । तत्कालिन सत्ता साझेदार दल एमालेले समर्थन फिर्ता लिएर एमालेका मन्त्रीहरु पनि सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री जम्कट्टेल अल्पमतमा पर्नुभएको छ ।

उहाँले यहि साउन ६ गते दिउँसो १ बजे बस्ने प्रदेश सभा बैठकबाट विश्वासको मत लिने तयारी गर्नुभएको छ ।

**MAKAWANPUR BAL BIDYA SADAN**
KHADKULE, HETAUDA-18
"WORK WITH MIND, BUT BY HEART"

WE ARE
**HIRING**



**Open Positions**
- Pre School Co-ordinator
- Pre School Teacher
- Basic Level
  - Math Teacher
  - English Teacher
  - Science Teacher

**Requirement**
- Bachelor+ 2 year experience Good command in english
- Montessori Trained or +2 with strong command in english language.
- Bachelor in respective subject.

**Apply Now**

**Send Your Resume To :**
mbbshtd18@gmail.com

**Find us on facebook:**
www.facebook.com/mbbshtd18

Interested candidates should submit a resume/CV and cover letter outlining their qualifications and teaching philosophy via mail or drop at school within school hours. Before 2081-Shrawan-10.
(Residential facility for selected candidates from outside Hetauda)

9840504446, 9855013977

## सम्पादकीय

# अस्पतालको सेवा प्रभावित नहोस्

हेटौंडा अस्पतालमा कार्यरत एक सय ३० जना कर्मचारी कटौती भएपछि अस्पतालको सेवा प्रवाहमा समस्या भएको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले हेटौंडा अस्पतालमा कार्यरत कर्मचारी कटौती गरेपछि अस्पतालको सेवा प्रवाह प्रभावित भएको हो । हेटौंडा अस्पताल अहिले प्रदेश सरकारअन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत सञ्चालन भइरहेको छ । हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग राख्नुपर्ने नेकपा एमालेबाहेक जिल्लाका अन्य राजनीतिक दलहरुको माग छ । विगतमा सरकारी अस्पतालको रुपमा रहेको, अस्पतालको सेवा विस्तार र भौतिक पूर्वाधार निर्माणमा संघीय सरकारले उल्लेख्य लगानी गरिरहेका कारण अस्पतालको स्वामित्व प्रतिष्ठानलाई दिन नहुने ती दलहरुको माग छ । सरकारले पर्याप्त दरबन्दी दिन नसकेको अवस्थामा प्रदेश सरकारले प्रतिष्ठान मातहतको अस्पतालको रुपमा सञ्चालन गर्ने गरी हेटौंडा अस्पताललाई जनशक्ति उपलब्ध गराउँदै आएको छ ।

एक आर्थिक वर्षका प्रदेशको स्वास्थ्य मन्त्रालयले करारमा जनशक्ति नियुक्त गर्ने गरेका कारण आर्थिक वर्ष सकिनेवित्तिकै ती कर्मचारीको करार अवधि स्वत: समाप्त हुन्छ । तर, समयमै अस्पताल प्रशासन, प्रतिष्ठान र मन्त्रालयले करार अवधि नवीकरण गर्न ध्यान नदिँदा वर्षेनि यस्तै समस्या आउने गरेको छ । गत वर्ष पनि असार मसान्तपछि अस्पतालका एक सय ४४ कर्मचारी कटौती गरिएको थियो । प्रदेश सरकारले अस्पतालका कर्मचारीको तलब भत्ताको बजेट सोझै अस्पतालमा पठाएपछि प्रतिष्ठानले नियुक्त गरेका ती कर्मचारीहरु हटाइएको थियो । त्यस समय पनि करिब २ महिना अस्पतालको सेवा प्रभावित बनेको थियो । हटाइएका कर्मचारीले गत वर्ष असोजमा हेटौंडा अस्पतालतर्फबाट दैनिक ज्यालादारीमा नियुक्ति लिएपछि अस्पतालको सेवा प्रवाह सहज भएको थियो । यस वर्ष पनि मन्त्रालयले २ दिनभित्र पुन: नयाँ विज्ञापन खुला गर्न निर्देशन दिएको छ । अस्पतालको स्थायी दरबन्दी अनुसारको रिक्त दरबन्दी विवरण तयार गरी मन्त्रालयबाट सहमति लिएर विज्ञापन गर्न निर्देशन दिएपछि अस्पतालले साउन १ गते विज्ञापनसमेत गरिसकेको छ ।

पछिल्लो समय अस्पतालको सेवा विस्तारसँगै स्वास्थ्य उपचार सहज बनिरहेको छ । विगतमा सामान्य रोगको उपचारसमेत नभएर बिरामीलाई अन्यत्र रिफर गर्ने गरेको हेटौंडा अस्पतालमा पछिल्ला वर्षहरुमा सेवा विस्तार र सुधार भइरहेको छ । हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत सञ्चालन गरिएपछि अस्पतालको विकास र विस्तार भइरहेको स्पष्ट छ । तर, अस्पताललाई प्रतिष्ठान मातहत सञ्चालन गर्ने वा सरकारी अस्पतालकै रुपमा सञ्चालन गर्ने भन्ने विषयमा राजनीतिक दलहरुबिच एकमत हुन नसक्दा समय-समयमा अस्पतालमा विभिन्न प्रकारका विवाद र सेवा प्रवाहमा समस्या भइरहेको छ । यसले अस्पतालमा स्वास्थ्य जाँच गर्न आउने र स्वास्थ्य उपचार गराइरहेका सेवाग्राहीले अनावश्यक दु:ख पाउने गरेका छन् । अस्पताललाई राजनीतिक दाउपेच र स्वार्थबाट अलग नगर्दासम्म अस्पतालमा यस्ता समस्या दोहोरिइरहने निश्चित छ ।

हेटौंडा अस्पतालमा सरकारले पर्याप्त जनशक्ति व्यवस्था गरेको छैन । अहिले अस्पतालमा दैनिक एक हजारको हाराहारीमा ओपीडीमा बिरामी आउने गरेको अवस्थामा अस्पतालमा जनशक्ति थप गर्नुपर्ने आवश्यकता छ । जनशक्ति थप गर्दै जानुपर्नेमा प्रदेशको स्वास्थ्य मन्त्रालयले वर्षेनि नियुक्त गरिएको जनशक्तिलाई हटाउँदै जाने र नयाँ विज्ञापन गरेर जनशक्ति राख्ने कार्यले अस्पतालको सेवा प्रवाहमा नकारात्मक प्रभाव परिरहेको छ । अस्पतालमा प्राविधिक र प्रशासनिक कर्मचारी नियुक्त गर्दा योग्यता र क्षमताका आधारमा विधिसम्मत तरिकाबाट नियुक्त गर्ने र उनीहरुको सेवा करार समयमै नवीकरण गर्न प्रदेश सरकार, अस्पताल प्रशासन तथा व्यवस्थापन गम्भीर बन्नु आवश्यक छ । वर्षेनि अस्पतालको सेवा प्रभावित हुने अवस्था अन्त्य गर्नेतर्फ सम्बद्ध पक्ष सचेत बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक क्षेत्रका कामहरु सफल हुने देखिन्छन् ।
**वृष** : धार्मिक यात्रा योगमा सरिक भइने समय छ ।
**मिथुन** : पढाइ–लेखाइका कामहरु सफल नै रहलान् ।
**कर्कट** : पारिवारीक वातावरण ठिकै रहने योग छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**कन्या** : धार्मिक काममा मन जाने समय योग छ ।
**तुला** : व्यक्तित्व विकास र काममा सफलता प्राप्त होला ।
**वृश्चिक** : सामाजिक कामबाट लाभ प्राप्त हुने समय योग छ ।
**धनु** : प्रशासनिक क्षेत्र सफल रहने समय योग छ ।
**मकर** : शान्त र परोपकार बनिने समय योग छ ।
**कुम्भ** : तन्त्र मन्त्रमा मन जाने समय योग छ ।
**मीन** : घमण्ड र जिद्धीपन नगर्दा राम्रो रहने योग छ ।

# जाने त उज्यालोतिरै हो साथी !

**विद्यमानमा निराशाको भुइँकुहिरोले हामीलाई ढाक्न खोजेको सत्य नै हो तर झनै शक्तिशाली सत्य के हो भने उज्यालोका यात्रीहरूलाई निराशाले अझै गाँजिसकेको छैन । साथी, जाने उज्यालोतिरै हो**



**✍बिशाल खड्का**

*जाने त उज्यालोतिरै हो साथी !*
*विनोदविक्रम केसी*
*जुलुसबाट फर्केपछि मान्छेहरू*
*रित्तो सिलिन्डरसँग विछोडमग्न*
*उदास ग्याँस चुलोको*
*अधुरो प्रेमकहानी देखेर*
*गहिरो विषादमा डुबेका छन् ।*

समकालीन समयका मुखर र प्रतिभावान् कवि विनोदविक्रम केसीको कवितांशले अधिकांश परिवारको गाथालाई शब्दमा उनिदिएको छ । गणतन्त्र घोषणा भएको भोलिपल्ट अर्थात् २०६५ जेठ १६ गते बिहान जन्मेको शिशु आज नेपालको नागरिकता हातमा बोकेर आफ्नै अनिश्चित भविष्यको दोसाँधमा उभिएको छ । 'फेरि एको व्यवस्था', 'क्रान्ति', 'गणतन्त्र', 'नयाँ संविधान' जस्ता क्लिष्ट लाग्ने पदावलीबीच उल्लिखित युवाका आँखामा कस्ता आशा, सपना र योजना छन् भन्ने सवालभित्र सम्भवत: हाम्रो गणतन्त्रको 'होल बडी रिपोर्ट' भेटिन्छ ।

२०७० सालमा कक्षा १ मा भर्ना भएका ११ लाख ७० हजार बालबालिकामध्ये जम्मा ५ लाख ५४ हजार मात्र २०८० सालको एसईई परीक्षासम्म पुग्न सके । अर्थात् गणतन्त्रको सूर्योदयले ल्याएको उज्यालो साढे पाँच लाख भन्दा धेरै बालबालिकाको जीवन गोरेटो बन्नै सकेन । सतहमा देखिएका अंकहरूले व्यवस्थाप्रति नै संशय नजन्माए पनि त्यसप्रति आलोचनात्मक प्रश्न गरिरहेकै छन् ।

नेपाली जनताको परिवर्तनको चाहना धेरै नागवेली पार गर्दै आजको परिवेशसम्म आइपुगेको हो । ९ असार १९९७ को भोटेजात्राका दिन ललितपुरको जाउलाखेलमा, 'प्रजाको उन्नतिको सट्टा रगत चुसी आफ्ना छोरानाति धनी बनाउने कोसिस गर्‍यौ । यहाँ भन्दा ठूलो कुकर्म अरू के होला ?' भनी छरिएको पर्चासँगै सुरु भएको संगठित सत्ता विरोधी राजनीतिक विद्रोहको इतिहास, नेकपाको प्रथम घोषणापत्र मार्फत भदौ २००६ सम्म आइपुग्दा 'सामन्ती एकतन्त्रवादी तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र वास्तविक स्वाधीनता' को मागसम्म आइपुग्यो । २००७ असोजमा भारतको वैरगनियाँमा भेला भएका नौजवानहरूले 'सशस्त्र क्रान्तिबाट मात्र देशमा परिवर्तन सम्भव छ' भनी हाँक दिए ।

त्यस्तै २०५१ सालमा तत्कालीन संयुक्त जनमोर्चाले 'जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निमित्त चुनिएका जनताका प्रतिनिधिद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ' लगायत माग राखी १० वर्ष सशस्त्र युद्ध नै सञ्चालन गरे । त्यसैको जगमा उभिएको विस्तृत शान्ति सम्झौताको प्रस्तावनामा 'देशका विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्यालाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै' भनी परिवर्तनलाई संस्थागत गर्न गरिएको संकल्पसँगै आजको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानसम्म आइपुगिएको हो । तथापि, आम मानिसले जीवन, जवानी, शरीरका अङ्ग, आफन्त गुमाएर हासिल गरेको राजनीतिक प्रबन्ध भित्र अन्योल वा भनौं ठूलो प्रश्नवाचक चिह्न अझै बाँकी छ । यसले भन्दैछ- हाम्रो सुखको दिन कहिले आउँछ ?

युवा उद्यमी प्रेमप्रसाद आचार्यको आत्मदाह होस् वा भर्खरै अभावका कारण ३ महिनादेखि ट्याक्सीमै सुत्ने गरेका कृष्ण नगरकोटीको आत्महत्या नै किन नहोस्, मेरो उद्देश्य निराशाको कलात्मक प्रस्तुति गर्नु होइन । बरु समाजको यो आँखीझ्यालबाट हाम्रो समय र गणतन्त्रलाई नियाल्ने प्रयत्न गर्नु हो । तमाम राजनैतिक वाचा, व्यवस्थामा भएको हेरफेर, विकास र समृद्धिको हो-हल्लाका बाबजुद हामीसँग आधारभूत रुपमा संरचनात्मक रुपान्तरणको क्षेत्रमा देखाउन लायक तथ्यांक असाध्यै कमजोर छ ।

अर्थशास्त्रका दुरुह सूचक भन्दा पर सामान्यजनको वास्तविक भोगाइ निकै भयावह छ र त्यति बोल्न किञ्चित कलम लर्बराउनुपर्दैन । सामाजिक-आर्थिक समानताको सपना बोकेर ल्याइएको लोकतन्त्रमा असमानताको तस्वीर वास्तवमै भयावह छ ।

सन् २०१९ मा प्रकाशित अक्सफामको प्रतिवेदन अनुसार असमानता मापन गर्न प्रयोग हुने गिनी सूचक नै हेर्ने हो भने पनि पछिल्लो २५ वर्षमा आय र सम्पत्ति असमानता दुवै बढेर गएको छ । सामान्य कामदार र उच्चस्तरका बैंक कर्मचारीको तलबको अन्तर १०० गुणाले फरक छ । देशका धनी १० प्रतिशतसँग गरिब ४० प्रतिशतको भन्दा २६ गुणा धेरै सम्पत्ति छ । धनाढ्य ७ प्रतिशतको नियन्त्रणमा ३१ प्रतिशत खेतीयोग्य जमिन छ । यो खाडल झन्-झन् तीव्रताले बढिरहेको छ । सन् २०१० मा ०.४९ रहेको गिनी सूचकांक २०१९ आउँदा ०.५८ भएको छ । र, सन् २०२४ को अन्त्यसम्म यो अझै बढ्ने देखिन्छ । नेपाल जीवनस्तर सर्वेक्षणकै आधारमा पनि नेपालको गरिबी दर २०.२७ प्रतिशत छ । असमानताको स्वरूप लिङ्ग, समुदाय, क्षेत्रको आयाममा अझ व्यापक बढ्दैछ ।

आर्थिक सर्वेक्षण २०८०/८१ को अर्थतन्त्रको स्वरूप र रचना हेर्दा कुलगार्हस्थ्य उत्पादनको २४ प्रतिशत ओगटेको कृषि क्षेत्रले ६७ प्रतिशत जनसंख्यालाई ओगटेको छ । उत्पादन र रोजगारी प्रदान गर्ने प्रमुख क्षेत्र उद्योगको हिस्सा १३ प्रतिशत छ, अझ त्यही १३ प्रतिशतभित्र २०८० फागुनसम्म दर्ता भएका उद्योगको विवरणका आधारमा उत्पादनमूलक उद्योगको हिस्सा एक तिहाइ हाराहारीमा जम्मा ३७.३ प्रतिशत छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा २३ प्रतिशत रहेको विप्रेषणले जनताको आवश्यकताको मूल हिस्सा पूरा त गरेको छ तर मुलुकका युवाको भयावह बाह्य श्रम पलायन तथा विमानस्थलको भीडले सिङ्गो देश कतै भागिरहेको प्रतीत हुन्छ ।

प्रत्येक दिन फर्कने शव, नेपालमै पढाइ हुने विषयमा समेत लाखौं खर्चेर पढ्न जान चाहने विद्यार्थीको लस्कर तथा धेरै व्यापारिक केन्द्रमा मनोरञ्जन कामदारको रूपमा लगिएका छोरीहरू हुँदै प्रमुख युद्ध भूमिमा दुवैतर्फबाट गोली चलाइरहेका नागरिक सबै यही निराश कथाका निरीह पात्रका रूपमा देखिन्छन् । आयको ९२ प्रतिशत उपभोगमा खर्च हुने, आयात र निर्यातमा १० गुणा हाराहारी फरक हुने तथा मुलुकका अधिकांश खेती योग्य जमिन अझै बाँझै रहने अनौठो वियोग देशले सामना गरिरहेको छ । तथापि देशभित्र रहेका युवाको बेरोजगारी उही स्तरमा बढिरहेको छ । यस्तोमा धमाधम पासपोर्ट छपाएर बेचिरहेको सरकार, प्रस्तुत विषय नै भेउ नपाएर अर्कै विषयमा बहस गरिरहेको सदन, त्रासद दृश्यका सहयोगी प्रतीत हुन्छन् ।

गरिबी, बेरोजगारी, असमानतासँगै बढ्दो व्यापार घाटा, घट्दो औद्योगिक उत्पादन । बढ्दो वैदेशिक ऋण, घट्दो सरकारी आय जस्ता तथ्यांकले झनै अँध्यारो समयको यात्रा गर्नुपर्ने हो कि भन्ने आशंकालाई झनै मलजल गरिरहेको छ । यो निराशाको तस्वीर आजको समयको यथार्थ त जरूर हो तर यसले परिस्थितिको एक पक्षलाई मात्रै देखाउँछ । चौतर्फी अँध्यारोबीच सचेत मानिस चुपचाप बसेका छैनन् । स्वतन्त्रता, समानता र प्रगतिको पक्षमा निरन्तर उभिएको इतिहास बोकेको समकालीन नेपाली समाज आफ्नो बलिदानको विरासत माझ आज पनि विविध विकल्पमा पक्कै चिन्तामग्न छ । समाज क्रन्दनमा छ अर्थात् समाजको सञ्चालनमा केही गम्भीर समस्या छ ।

यसको बहुआयामिक व्यवस्थापनको जिम्मा बोकेको राजनीतिमा ठूलो गाँठो छ । धमिलो पानी सफा गर्न मूलमा सफा गर्नुपर्ने बुझाइ र तदनुरुप लिनुपर्ने पहलकदमी नै विद्यमान अन्योलको निर्विकल्प बाटो हो भन्न हिच्किचाउनुपर्दैन ।

देशलाई मध्ययुगीन शासनतन्त्रबाट बाहिर निकाल्दै प्रगतिको दिशामा गमन गराउने प्रतिज्ञा गरेर ल्याइएको संविधान स्वाभाविक रूपमा पृथक् विचार र राजनीतिक सम्झौताको दस्तावेज हो । यसका आफ्नै मौलिक अन्तरवस्तु र उल्लेखनीय सीमा छन्, यद्यपि आजको राजनीतिको क्षितिज केही हदसम्म कमजोर नै सही यसको परिधिभित्र समेटिएको छ । संविधानका आफ्ना बग्रेल्ती अपूर्णता छन् तथापि विद्यमान दलहरू संविधानभन्दा पछाडि देखिन्छन् ।

संविधानले आजसम्मका संघर्षलाई कुशलतापूर्वक बोकेर हिंडेको छ भन्न त सकिन्न तर यसले तुलनात्मक रूपमा सही ठाउँमा खुट्टा टेकेको छ । तर, विडम्बना नै भन्नुपर्छ संविधानका असल प्रबन्धलाई व्यवहारमा अनुवाद गर्दै आवश्यक सुधार वा परिमार्जनको बिन्दुमा पुग्नुपर्ने आधारभूत कर्तव्य छाडेर बहसको सुई अन्यत्रै मोडिएको छ ।

निश्चय नै संविधानमा शासकीय स्वरूप, राज्य पुनर्संरचना जस्ता विषयमा गम्भीर अपूर्णता छन् तथापि आजको राजनीतिक/आर्थिक कार्यक्रमको साँध संविधान नै हो । नेपाली समाजका अन्तरविरोधको गाँठो खोल्ने हदसम्म संविधानका प्रावधानको अधिकतम सदुपयोग गर्दै यसको चौघेरा तन्काउनु नै आजको सुल्टो बाटो हो ।

साना नानीहरूलाई नि:शुल्क शिक्षा दिन, किसानलाई आत्मबल, निर्धनलाई अपनत्व र औषधोपचारको प्रबन्ध गर्न तथा तन्नेरीलाई मुलुकमै भविष्य देखाउन यो संविधान अब बाधक छैन । त्यसैले संविधानको सीमामा अधिकतम जनपक्षीय कार्यक्रम निर्माणको प्रतिस्पर्धा अबको तत्कालीन राजनीति हुनुपर्छ ।

बेलायती अर्थशास्त्री ई.एफ. सुमाकर आफ्नो बहुचर्चित 'स्मल इज ब्युटिफुल' पुस्तकको पहिलो पङ्क्तिमा लेख्छन्– 'तमाम दाबीहरूका बावजुद उत्पादनको समस्या समाधान भएको छैन ।' स्रोतसाधनको सीमाभित्र असीमित उत्पादनको समस्यातर्फ इङ्गित गर्दै उनले यस्तो लेखेका थिए । हाम्रो आजको समस्याको चुरोमा दिगो उत्पादन प्रणाली साथै यसको अर्थ-राजनीतिक पक्षहरू पनि उत्तिकै अहम् छन् । संविधानले मुलुकको आर्थिक प्रणालीलाई सार्वजनिक, निजी र सहकारी स्वरूपको अन्तरनिर्भर एकाइका रूपमा प्रस्तुत गरेको छ । तर, समाज, व्यक्ति र राज्यको भूमिका प्रष्ट पार्ने गरी थप नीतिगत व्यवस्था हुन बाँकी नै छ । राज्य र मूलतः व्यक्तिको उत्पादन, राज्यको नियमन, अनुगमन, पुनर्वितरण र वितरणमुखी व्यवस्थामा ढाल्न बाँकी नै छ ।

शिक्षा, स्वास्थ्य, यातायात, रोजगार लगायत आधारभूत क्षेत्रको प्रभावकारी सञ्चालन राज्यबाट गरिने संयन्त्रको रचना गर्न बाँकी छ । हाम्रो उपलब्ध साधन-स्रोतको दिगो र उच्चतम उपयोग गर्ने गरी उत्पादन बढाउँदै देशको अर्थतन्त्रलाई मजबुत बनाउन के समस्या छ भन्ने न्यून बहस भएको अहम् सवाल हो । उत्पादनको स्तर, दायरा र गुणमा वृद्धि गर्न सक्ने पूँजी विकासका अवरोधसँग संघर्ष गर्ने, मुलुकमै उत्पादक पूँजीको विकास गर्ने तथा पूँजी र श्रमबीचमा बिचौलियाको भूमिकामा रहेर होइन मानवीय सीमाभित्र उत्पादनको उचित तरिकाको खोजी र प्रयोग गर्नेतर्फ हाम्रो ध्यान जान जरूरी छ ।

हाम्रा समस्याहरूका दिक् र काल दुवै आयाम व्यापक छन् । दिनानुदिन बढ्दो गतिमा एक अर्कोमा जोडिंदै गएको विश्व प्रणालीका प्रभाव तथा विरासतका रूपमा रहेका प्रवृत्तिको शक्ति असाध्यै बलियो छ । देशभित्र मात्र नभएर समग्र विश्वभर असमानता, जलवायु परिवर्तन, प्रविधि, आणविक प्रतिस्पर्धा, भूराजनीतिक तनावको नकारात्मक असर समाचार बनेर मात्रै होइन राजनीतिक विचार, महङ्गी र अनिश्चिततासँगै हाम्रो मझेरीमा आइपुग्दो रहेछ । र, यस्तोमा हाम्रो तटस्थताले कुनै महत्व नराख्ने रहेछ । विद्यमान अर्थ-राजनीतिक प्रबन्धको रूपमा नवउदार वादको विश्वव्यापी असफलता र उदार राजनीतिको केन्द्र पश्चिममा उग्र दक्षिणपन्थ र लोकरिझ्याइँको निरन्तरको विजयले विश्वव्यापी रूपमा विचार/राजनीति/अर्थतन्त्र तथा मानव सभ्यतामै संकट थपिरहेको छ ।

बहुध्रुवीय हुँदै गएको विश्व नयाँ ठाउँमा भएको भूराजनीतिक तनावको असरले थप जटिल बन्दै गएको छ । यसबाट प्रभावित नभई आफ्नै सीमा र मोडेलभित्र रहेर हामी कसरी काम गर्न सक्छौं महत्वपूर्ण हुँदोरहेछ । त्यसैले नयाँ शक्तिराष्ट्रको उदयले सिर्जना गरेका अवसर र चुनौतीलाई चिन्न सक्ने सामर्थ्यको विकास गर्नुपरेको छ ।

यस सन्दर्भमा आफ्नै इतिहासका घटनाहरूको प्रवृत्ति पनि ख्याल गर्न लायक छन् । आधुनिक नेपालको इतिहास निरंकुशता, अराजकता, खुल्ला, उदार लगायत घुम्तीबीच जेलिंदै आएको देखिन्छ । पृथ्वीनारायण शाहको निधन पश्चात् प्रताप सिंहको छोटो शासनकाल, लगत्तै बहादुर शाहको शासन फेरि भार दारहरूबीच तानातान, भीमसेन थापाको उदय र त्यसको तीन दशकपछि फेरि पाण्डे, थापा, बस्नेत लगायत भारदारहरूको तानातान अनि जङ्गबहादुरको उदय, अर्को चरणमा २००७ देखि २०१७ सम्मको खुल्ला समय लगत्तै ३० वर्षे पञ्चायत, पछिल्लो चरणमा संवैधानिक राजतन्त्रकाल, ज्ञानेन्द्र शाहको सर्वसत्ता, जनआन्दोलन हुँदै गणतन्त्र र त्यही गणतन्त्रमा जुर्मुराउन थालेको लोकतन्त्र विरोधी स्वरले हाम्रो राजनीतिक दुश्चक्रको पुनरावृत्तितर्फ संकेत गर्छ । त्यसैले वर्तमानमा चाल्ने पाइलामै भविष्यको स्वतन्त्रता वा निरंकुशताको चित्र लुकेको छ भन्ने हेक्का राख्नुपर्छ ।

विद्यमानमा निराशाको भुइँकुहिरोले हामीलाई ढाक्न खोजेको सत्य नै हो तर झनै शक्तिशाली सत्य के हो भने उज्यालोका यात्रीहरूलाई निराशाले अझै गाँजिसकेको छैन । साथी, जाने उज्यालोतिरै हो । पहिल्याउने आशाकै बाटो हो । कुशल राजनीतिको धागोले उन्नु जनआकांक्षालाई नै छ । रचना उज्यालो सपनाकै गर्नुछ । गणतन्त्र घोषणाको पहिलो किरणसँगै जन्मेको युवाले १८ वर्ष पुगेपछि श्रम गन्तव्यको खोजी गर्न मिटरब्याजमा ऋण खोज्नुको सट्टा विश्वविद्यालयका प्रयोगशालामा जाने वातावरण तय गर्नुछ । दुनियाँसँग आँखा र पाइला मिलाउँदै अघि बढ्नु छ । र, यो सम्भव छ !

*(लेखक नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सरकारका पूर्वमन्त्री हुन् । स्रोत: अनलाईनखबर)*

# करिब ९ हजारजनाले लिए नयाँ लाइसेन्स




समाज संवाददाता

हेटौंडाः यातायात व्यवस्था सेवा कार्यालय हेटौंडाबाट एक वर्षमा करिब ९ हजार जनालाई सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण गरिएको छ । कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा ८ हजार ९ सय ६४ जनालाई लाइसेन्स वितरण गरेको हो ।

यातायात कार्यालयले नयाँ लाइसेन्स ५ हजार ७ सय २५ जना र थप लाइसेन्स ३ हजार २ सय ३९ जनालाई वितरण गरेको कार्यालयका सूचना अधिकारी राजु अर्यालले जानकारी दिनुभयो । गत आर्थिक वर्षमा कार्यालयले ३ हजार ४ सय ४५ वटा मोटरबाइक, एक हजार एक सय २७ वटा स्कुटर, ७ सय ४३ वटा कार, एक सय ११ वटा आटो रिक्सा, २० वटा इ-रिक्सा, ५३ वटा ट्याक्टर, एक सय ४१ वटा स्क्याभेटर र ८५ वटा जेसीबी चलाउनलाई नयाँ लाइसेन्स वितरण गरेको हो । नयाँ लाइसेन्सका लागि १५ हजार २ सय ६ जनाले दरखास्त दर्ता गरेको अर्यालले बताउनुभयो ।

यस्तै, ७ सय ४२ वटा मोटरबाइक, ५१ वटा स्कुटर, एक हजार ३ सय ७४ वटा कार, एक सय ४८ वटा अटो रिक्सा, १४ वटा इ-रिक्सा, १७ वटा ट्याक्टर, ३९ वटा स्क्याभेटर र ३७ वटा जेसीबी चलाउने थप लाइसेन्स वितरण गरिएको हो । २ सय २२ वटा साना ट्रक/बस र २ हजार २१ वटा हेबी गाडीको थप लाइसेन्स वितरण गरिएको कार्यालयका सूचना अधिकारी अर्यालले जानकारी दिनुभयो । साना ट्रक अथवा बसको लाइसेन्स लिएका सवारी चालकलाई दुई वर्षपछि मात्र थप लाइसेन्स वितरण गरिने उहाँले बताउनुभयो ।

थप लाइसेन्सका लागि ८ हजार ८ सय २७ जनाले दरखास्त दर्ता गरेका थिए । एक वर्षको अवधिमा कार्यालयबाट एक सय ५९ जनाले प्रतिलिपि लाइसेन्स लिएको अर्यालले बताउनुभयो । यस्तै, ५ हजार एकसय ९७ वटा लाइसेन्स नवीकरण भएको छ भने ६१ वटा लाइसेन्स नवीकरण नहुँदै हराएको छ । कार्यालय यस अवधिमा ३९ करोड ७ लाख २४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।


## राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय हेटौंडा, मकवानपुर

### सूची दर्ता सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०४/०४ गते*

यस कार्यालयका लागि आर्थिक वर्ष २०८१/०८२ मा आवश्यक पर्ने तपसील बमोजिमको कार्यालय सामान समय–समयमा खरिद गर्नुपर्ने हुँदा इजाजत प्राप्त फर्म, संस्था, वा कम्पनीको सूची तयार गर्नुपर्ने भएकोले सामानहरु सप्लाई/मर्मत/सेवा प्रदान गर्न चाहने फर्म वा कम्पनीहरुले आफ्नो स्पष्ट ठेगाना खुलाई फर्म/करोबार/कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, इजाजत प्राप्त प्रमाणपत्र (नवीकरणसहित) स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्र र आर्थिक वर्ष २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा रितपूर्वक दर्ता गराउन यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण**

| क्र.सं. | उपलब्ध गराउनुपर्ने सामान तथा सेवाको विवरण |
|---|---|
| १) | कार्यालय उपकरणः– कम्प्युटर, ल्यापटप, युपीएस, प्रिन्टर, फोटोकपी, स्क्यानर, टेलिफोन, मोवाइल सेट, फ्याक्स मेसिन, फायर एक्सटिङगुइसर, ब्याट्री, स्टेप्लाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य । |
| २) | प्रिन्टर, फोटोकपी, फ्याक्स आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य । |
| ३) | फर्निचर तथा फर्निसिङ सामानहरु आपूर्ति कार्य । |
| ४) | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य । |
| ५) | चिठीपत्र, पार्सल पठाउने कुरियर सेवाहरु । |
| ६) | भवन/फर्निचर/फर्निसिङ सम्बन्धी मर्मत सम्भार कार्य । |
| ७) | कपडाको थैला, बोरा आपूर्ति कार्य । |
| ८) | सवारी साधन (चारपाङ्ग्रे), मोटरसाइकलका स्पेयर पार्टस् तथा मर्मतसम्बन्धी कार्य । |
| ९) | कम्प्युटर सफ्टवेयर सम्बन्धी कार्यहरु । |
| १०) | पिउने पानी (मिनरल वाटर) आपूर्ति । |
| ११) | मसलन्द (स्टेशनरी) तथा कार्यालय सामान आपूर्ति । |
| १२) | विलिङ पेपर, लेटरप्याड, गोश्वारा भौचर, खामलगायतका छपाई सम्बन्धी अन्य कार्यहरु । |
| १३) | उत्तरपुस्तिका ढुवानी तथा अन्य कार्यहरु । |

नोटः रीत नपुगी र म्याद नाघी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीका लागि यस कार्यालयको फोन नम्बर ०५७–५२४६०२/५२६०२९ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर
बागमती प्रदेश, नेपाल

### करार सेवामा लिने सम्बन्धी सूचना !!!

*प्रथम पटक प्रकाशित मिति: २०८१/०४/०४*

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुरका लागि तोकिएको स्वीकृत दरबन्दीमा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम करारमा पदपूर्ति हुने गरी तपसिल बमोजिमका पदहरुमा १५ (पन्ध्र) दिने सूचना आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | माग पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०८१-०८२ | नवौं | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | स्वास्थ्य | आयुर्वेद | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २. | २/२०८१-०८२ | सातौं | फिजियोथेरापिष्ट स्वास्थ्य | फिजियो | १ (एक) | मान्यता | प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापि विषयमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ३. | ३/२०८१-०८२ | पाँचौं | ल्याब टेक्निसियन | स्वास्थ्य | मे.ल्या.टे | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ४. | ४/२०८१-०८२ | पाँचौं | फार्मेसी सहायक | स्वास्थ्य | आयुर्वेद फार्मेसी | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी वा आयुर्वेद फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ५. | ५/२०८१-०८२ | पाँचौं | अकुपन्चर | सहायक स्वास्थ्य | आयुर्वेद अकुपन्चर | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अकुपन्चर विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको । जम्मा संख्या ५ |

**१. योग्यता र अनुभव**
क) नेपाली नागरिक हुनुपर्ने ।
ख) अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
ग) उमेर हदः
- सहायक तहका लागि १८ बर्ष उमेर पूरा भई ४५ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
- अधिकृत तह वा सो भन्दा माथि २१ बर्ष पूरा भई ४५ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
घ) आवश्यक कागजातहरु - आवेदक स्वयंले देहाय बमोजिमका प्रतिलिपिहरु
- नेपाली नागरिकताको छायाप्रति,
- शैक्षिक योग्यताको प्रमाणपत्रको छायाप्रति,
- नवीकरणको म्याद ननाघेको सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्रको छायाप्रति,
- चारित्रक प्रमाणपत्रको छायाप्रति,
- विदेशी शैक्षिक संस्थाबाट प्राप्त शौक्षिक उपाधिको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,

**२. दरखास्त दस्तुर** :
- १,५००।- (पन्ध्र सय) मात्र (नवौं तहका लागि) ।
- १,२००।- (बाह्र सय) मात्र (सातौं तहका लागि) ।
- ७००।- सात सय मात्र (पाँचौं तहका लागि) ।
- राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय हेटौंडामा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुरको (कार्यालय कोड ३७००१३२१७३, बैंक खाता नं. १०००१००२०००१०००० र राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

**३. दरखास्त दिने स्थान**ः आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर, बागमती प्रदेश ।
४. छनौट गर्ने तरिकाः अन्तरवार्ता (चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ अनुसार)
५. करार अवधीः चालु आ.व २०८१।०८२ का लागि (नोटः- प्रदेश लोकसेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई पदपूर्ति भएमा वा सरुवा भई हाजिरी हुन आएमा करार सम्झौता स्वतः अन्त्य हुनेछ ।)
६. आवेदन दिने अन्तिम मितिः २०८१।०४।१८ गते शुक्रबारका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनसम्म म्याद हुनेछ र म्याद सकेको भोलिपल्ट सम्पर्क मिति हुनेछ र सोहि दिन अन्तरवार्ताको परीक्षाको मिति तोकिने छ ।
७. थप जानकारीका लागि : ०५७-५२०६८१; सूचना अधिकारीः- ९८५५०१८६८१, वेवसाईट https://dahcmakawanpur.bagamati.gov.np/



## मोटरसाइकल हराएको सूचना

मिति २०८१ साल जेठ ३० गतेका दिन दिउँसो ४:०० बजेको समयमा थाहानगरपालिका–८, बस्ने धन राज घलानको किसान कृषि सहकारी संस्था लि. को नाममा रहेको बा.प्र. ०२–०३० प ४५२८ नम्बरको pearl white रङ्गको २२० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर:D2A13EX9MCB84915, इन्जिन नम्बर DKXCMB79218) परीक्षा दिने क्रममा विरगंजमा पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ । **सम्पर्कः ९८६४४६४७८५**



सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## राजस्व संकलन सेवा बन्द रहने सम्बन्धि सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस हेटोंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व व्यवस्थापन शाखा तथा सम्पूर्ण वडा कार्यालयहरुबाट राजश्व संकलन सम्बन्धी सेवा आर्थिक वर्ष प्रारम्भमा कर दर तथा सफ्टवेयर सिस्टमको अद्यावधिक गर्ने कार्यको लागि मिति २०८१/०४/०१ देखि २०८१/०४/०४ गते सम्म सेवा बन्द गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधा प्रति उपमहानगरपालिका क्षमा प्रार्थी छ ।

राजस्व व्यवस्थापन शाखा
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय



## हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०८०/८१ को कारोबार विवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/८२ को कारोबार सुचारु गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गते देखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजस्व व्यवस्थापन शाखा
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

# सिकेर, सिकाएर अगाडि बढ्नुपर्छः अध्यक्ष मुक्तान



*भेटघाट एवम् अन्तरक्रिया कार्यक्रममो क्रममा खिचिएको तस्वीर ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिका नवनियुक्त अध्यक्ष राजकुमार मुक्तानले सबै खेलाडी तथा प्रशिक्षकहरुले खेलको बारेमा सिकेर र सिकाएर अगाडि बढ्नुपर्ने बताउनुभएको छ । बिहिबार खेलकुद विकास समिति मकवानपुरको कार्यालय परिसरमा भएको परिचयात्मक भेटघाट एवम् अन्तरक्रियालाई सम्बोधन गर्नुहुँदै नवनियुक्त अध्यक्ष मुक्तानले “राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद” भन्ने नारामा मात्र सीमित नभई जिल्लामा धेरै पदक ल्याउने खेलाडीहरुलाई जागरुक बनाउन आवश्यक रहेको बताउनुभयो ।

सबै क्षेत्रका प्रशिक्षक तथा खेलाडीहरुले सकारात्मक ढंगबाट खेलको विकासमा अग्रसर हुनुपर्ने उहाँले बताउनुभयो। फरक-फरक विधाका खेलाडी तथा प्रशिक्षकहरुले एकरुपता देखाएर अगाडि बढ्न आवश्यक रहेको उहाँको भनाई छ। राष्ट्रियस्तरको खेलकुद र प्रदेशस्तरको खेल प्रतियोगिताहरुमा अब्बल कसरी बन्न सकिन्छ भन्ने कुराको खोज र अनुसन्धान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। एउटा खेलमात्र नभई सबै खेललाई प्राथमिकतामा राखेर अगाडि ल्याउने, आगामी दिनमा मकवानपुर जिल्लाको हरेक क्षेत्रबाट आउने खेलाडीलाई प्रशिक्षण दिने प्रशिक्षकलाई चिनाउनुपर्ने उहाँले बताउनुभयो ।

सम्पूर्ण खेलमा भरिपूर्ण र परिपक्वता नहुने भएकोले समस्यालाई कसरी न्यूनीकरण गर्ने भन्ने कुरालाई बुझेर सबै हातमा हात र काँधमा काँध लगाएर अगाडि बढ्नुपर्ने उहाँले धारणा राख्नुभयो। पालिका र प्रदेश सरकार सबै क्षेत्रबाट पर्याप्त बजेट उपलब्ध हुनुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ । अर्थ बिना खेल क्षेत्रलाई अगाडि बढाउन गाह्रो पर्ने, खेलको विकास गर्न नसक्ने र खेलाडी उत्पादन गर्न नसकिने उहाँले दाबी गर्नुभयो। फरक-फरक खेलमा आवद्ध भए तापनि खेलाडीहरु सबै बराबरी हुने भएकोले त्यो कुराको सही तरिकाले मुल्याङ्कन गरेर सबै प्रेम तथा सद्भाव रुपमा अगाडि बढ्नुपर्ने बताउनुभयो । अन्तरक्रियामा उपस्थित भएको विभिन्न खेलका प्रशिक्षकले जिल्लामा भएको कमजोरी, खेलकुदको विकासका लागि गर्नुपर्ने कामहरु लगायत विभिन्न कुराहरुको सुझाव दिएका छन् । जिल्ला खेलकुद विकास समितिको अध्यक्षसँगै सदस्य मदन कुमार उप्रेतीले पनि पदभार ग्रहण गर्नुभएको छ ।

# ८० जना छात्रालाई छात्रवृत्ति वितरण

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाले मकवानपुरगढी उपाध्यक्ष छात्रा छात्रवृत्ति वितरण गरेको छ। बिहीबार सामाजिक विकास संयोजक आइत सिंह लोको सभाध्यक्षतामा ८० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको गाउँपालिकाका स्रोत शिक्षक दाशरथी उपाध्याय भण्डारीले जानकारी दिनुभयो ।

गाउँपालिकाले कक्षा ११ र १२ तथा स्नातक तह अध्ययन गर्ने ८० जना विद्यार्थीलाई नगद १० हजार रुपैयाँका दरले छात्रवृत्ति वितरण गरेको हो। छात्राले उच्च शिक्षा हासिल गरुन् भन्ने उद्देश्यले छात्रवृत्ति वितरण गरेको भण्डारीले जानकारी दिनुभयो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्य तथा गाउँ पालिकाका शिक्षा शाखा प्रमुख राम बहादुर घलानको विशेष आतिथ्य रहेको थियो । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत नवीन गङतान लामा, उपाध्यक्ष मानकुमारी पाखिन, ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

# १० कक्षाका विद्यार्थीलाई एक महिना छात्रावास सुरु

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाले १० कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई छात्रावासमा राखेर अतिरिक्त कक्षा सुरु गरेको छ । गाउँपालिका-२, सुकौरामा रहेको जनता माविमा २ सय २८ जना विद्यार्थीहरुलाई आज बुधबारदेखि साउन ३२ गतेसम्म आवासीयरुपमा राखेर अतिरिक्त कक्षा सञ्चालन गरेको गाउँपालिकाका स्रोत शिक्षक दाशरथि उपाध्याय भण्डारीले जानकारी दिनुभयो ।

गाउँपालिकाभित्र रहेका १० वटा माध्यमिक विद्यालयबाट यस वर्ष एसईई दिने २ सय ५२ जना विद्यार्थी रहेका छन् । छात्रावासमा ९ वटा विद्यालयबाट मात्रै विद्यार्थीहरु पठनपाठनका लागि लगिएको उहाँले जानकारी दिनुभयो। गाउँपालिका-३, मकान्चुलीमा रहेको भानु माविमा अंग्रेजी माध्यममा पठनपाठन हुने भएकाले विद्यालयले नै अतिरिक्त कक्षा सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

यसअघि गाउँपालिका वडा-५ स्थित शारदा माविमा छात्रा र वडा-२ स्थित चण्डिका माविमा छात्रलाई राख्ने भनेकोमा ती विद्यालयहरुमा शौचालय र कक्षा कोठा अभावका कारण जनता माविमा राखिएको उहाँले जानकारी दिनुभयो । शिक्षकको व्यवस्था पनि गाउँपालिकाले नै गरेको छ । गाउँपालिकाभित्र अध्ययन अध्यापन गराउने अंग्रेजी, विज्ञान र गणित विषयका ३-३ जनासहित आवश्यक शिक्षक व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

छात्रा र छात्रलाई छुट्टाछुट्टै राखेर अध्यापन गराउने उहाँका भनाइ छ । छात्रालाई महिला शिक्षक र गाउँपालिकाकै नगर प्रहरी महिलालाई सुरुक्षा गार्ड व्यवस्था गरेको छ । विद्यार्थीलाई छात्रावासमा राख्नुको उद्देश्य विद्यार्थीमा पठन संस्कृतिको विकास गराउन, गत वर्षभन्दा राम्रो नतिजा हासिल गर्न, शिक्षाको गुणस्तर वृद्धि गर्न, परीक्षापश्चात् वर्षे बिदाको समयमा विद्यार्थीहरुको ध्यान पढाइबाट नहटोस् भन्ने रहेको छ ।

२०८० सालको एसईई परीक्षामा मकवानपुरगढीका विद्यालयबाट न्यून विद्यार्थी पास भएका थिए । ३ सय जना विद्यार्थीले एसईई परीक्षा दिएकोमा ४५ जनामात्र उत्तीर्ण भएका थिए । गाउँपालिकाको शैक्षिक पात्रोअनुसार पहिलो त्रैमासिक परीक्षापश्चात् साउन १ गतेदेखि ३२ गतेसम्म विद्यार्थीहरुलाई छात्रावासमा राखेर पढाउने भएको हो ।

# सामुदायिक वनमा मगर मृत फेला

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका-६ स्थित गोरखनाथ सामुदायिक वनमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा रोशी गाउँपालिका-१०, वाल्टिङका ५२ बर्षीय नीरकुमार क्याप्छाकी मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो २ बजेर २० मिनेटको समयमा गोरखनाथ सामुदायिक वनको नजिकैको प्रतिक्षालयमा मगर मृत फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएकोमा बुधबार दिउँसो ३ बजेको समयमा मगरको छोराले पहिचान गरी लगेको प्रहरीले जनाएको छ ।

# सम्पत्ति विवरण बुझाउन गाउँपालिकाको अनुरोध

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाले कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई सम्पत्ति विवरण बुझाउन अनुरोध गरेको छ । बिहीबार एक सूचना जारी गर्दै आर्थिक वर्ष २०८०/८१ समाप्त भएको ६० दिनभित्र जनप्रतिनिधि, कार्यालयमा कार्यरत कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन अनुरोध गरेको हो ।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा ऐन २०४९ को दफा ५४ एवम् निजामती सेवा नियमावली २०५० को नियम ११८ को उपनियम (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले भदौ २८ गतेसम्म सम्पत्ति विवरण निजामती किताब खानामा दर्ता गराउन आग्रह गरिएको छ । गाउँपालिकामा स्थायी कर्मचारी ५८ जना, करार ४८ जना र जनप्रतिनिधिहरु ४४ जना रहेका छन् ।

# मकवानपुर क्याम्पसमा विज्ञान संकायको अध्यापन समय थप

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले विज्ञान संकायतर्फको अध्यापनको समय थप गरेको छ। विज्ञान संकायमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी बिहान १० बजेर ४५ मिनेटमा पठनपाठन सुरु भई दिनको साढे ३ बजेसम्म पठनपाठन हुँदै आएकोमा बिहिबारदेखि बिहान साढे १० बजेदेखि पठनपाठन सुरु गरी साँझ ५ बजेसम्म पठनपाठन सञ्चालन गरिएको क्याम्पस प्रमुख यमबहादुर सिलवालले जानकारी दिनुभएको छ ।

प्रमुख विषयहरुमा विद्यार्थीको प्रभावकारी सिकाईका लागि समयावधि थप गरिएको क्याम्पस प्रमुख सिलवालको भनाइ छ । जीवविज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र, गणित, कम्प्युटर विज्ञान विषयमा थप कक्षा सञ्चालन गरिएको उहाँको भनाइ छ । कक्षा १२ सँगै कक्षा ११ मा पनि विस्तारित ढाँचामै पठनपाठन गरिने क्याम्पस प्रमुख सिलवालले स्पष्ट पार्नुभएको छ । कक्षा ११ मा नयाँ भर्ना जारी रहेको जानकारी दिनुहुँदै यही साउन ९ गतेदेखि कक्षा ११ को पठनपाठन सुरु गरिने उहाँले बताउनुभयो ।

सामुदायिक क्याम्पसको रुपमा सञ्चालित मकवानपुर बहुमुखी क्याम्पसमा मध्यम र निम्न आर्थिक अवस्थाका परिवारका विद्यार्थीले अध्ययन गर्ने भएकोले सहुलियतसँगै गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रदान गर्नुपर्ने आवश्यकतालाई महसुस गरी थप सुधारका कार्य गरिने क्याम्पस प्रमुख सिलावलले बताउनुभएको छ। मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ र १२ सँगै स्नातक र स्नात्तकोत्तर तहमा पठनपाठन भइरहेको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# क्याम्पसका विद्यार्थी र कर्मचारीलाई अस्पतालमा छुट

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-११ स्थित सिएमसी चुरे हिल अस्पतालले मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थी र कर्मचारीलाई स्वास्थ्य सेवामा छुट दिने भएको छ । शुक्रबार अस्पताल र क्याम्पसबिच सम्झौता भएसँगै अस्पतालले क्याम्पसको मान्य आईडी कार्ड भएका विद्यार्थी र कर्मचारीलाई विभिन्न स्वास्थ्य सेवामा छुट दिने भएको क्याम्पसका प्रमुख यमबहादुर सिलवालले जानकारी दिनुभयो ।

सिएमसी चुरे हिल अस्पतालले सम्पूर्ण स्वास्थ्य सेवामा २० प्रतिशत छुट र औषधीमा ७ प्रतिशत छुट दिने भएको हो । क्याम्पसमा करिब ७ हजार जना विद्यार्थी अध्यनरत छन् । क्याम्पसमा एक सय ३५ जना शिक्षक छन् ।

विद्यार्थीहरुले सस्तोमा स्वास्थ्य उपचार गर्न पाउन् भन्ने उद्देश्यले अस्पतालसँग सम्झौता गरिएको क्याम्पस प्रमुख सिलवालले बताउनुभयो। अस्पतालसँग क्याम्पसका विद्यार्थीलाई इन्टर्न गराउने सम्झौतासमेत भएको उहाँको भनाइ छ । सम्झौताको अवसरमा सहायक क्याम्पस प्रमुख उत्तम अर्याल र कानुन शिक्षक विषभ अधिकारीको उपस्थिति रहेको थियो ।

## हार्दिक निमन्त्रणा

लोककवि गणेशलाल श्रेष्ठ स्मृति साहित्य पुरस्कार मकवानपुर र नेपाल भाषा खलः को संयुक्त आयोजनामा लोककविको ११३औं जन्मजयन्तीको अवसरमा खुला कविता प्रतियोगिता तपसील बमोजिम आयोजना गरिएको हुँदा साहित्यप्रेमी महानुभावहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

**तपसील**
मितिः २०८१ साल साउन ५ गते शनिबार
समयः दिनको २:३० बजे
स्थानः होटल लिडो इन, हेटौँडा-१०, बैंकरोड

**महेश्वर श्रेष्ठ**
**अध्यक्ष**


# बारामा एक बर्षमा ३१ बालबालिकासहित १६३ जनाले आत्महत्या गरे

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय बाराले आर्थिक बर्ष २०८०/८१ को बार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराले इमेल मार्फत बुधबार उपलब्ध गराएको विवरणअनुसार आर्थिक बर्ष २०८०/८१ मा बारा जिल्लामा १ सय ६३ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमध्ये बालबालिका मात्रै ३१ जना रहेका छन् ।

२४ बालिका र ७ बालकले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । आत्महत्या गर्ने वयस्क पुरुष ६४ जना र महिला ६८ जना रहेको प्रहरीले जनाएको छ। आर्थिक बर्ष २०७८/७९ मा १ सय ३९ जनाले आत्महत्या गरेका थिए भने आर्थिक बर्ष २०७९/८० मा १ सय २१ जनाले आत्महत्या गरेका थिए । यस्तै आर्थिक बर्ष २०८०/८१ मा बारा प्रहरीले लागुऔषधसम्बन्धी ९२ वटा मुद्दा दर्ता भएको र १ सय ३७ जना पक्राउ परेको जनाएको छ । यसअघिका दुई आर्थिक बर्षमा क्रमशः ७५ वटा लागुऔषध मुद्दामा १ सय २३ जना र ९५ वटा मुद्दामा १ सय ३८ जना पक्राउ परेका थिए ।

बारा प्रहरीले आर्थिक बर्ष २०८०/८१ मा लागुऔष गाँजा २ हजार ५४ केजी, चरेश ४५ केजी २३ ग्राम र खैरो हेरोइन ५ सय ६९ ग्राम बरामद गरेको जनाएको छ । आर्थिक बर्ष २०८०/८१ मा भन्सार छलेर भित्रिएका तथा अन्य राजश्व छलीका ५७ करोड ४० लाख ३५ हजार रुपैयाँ बराबरको सामान बरामद भएको जनाएको छ । भन्सार छलेर भित्र्याइएका सामानहरु भन्सार कार्यालय बीरगन्ज र अन्य राजश्व छलीका सामान आन्तरिक राजश्व कार्यालय पथलैयामा बुझाइएको जनाएको छ ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ